# हेटौंडा उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

हेटौंडा,मकवानपुर

बागमतीप्रदेश, नेपाल

**कर्मचारी आवश्यकता सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८०/०६/१०**

हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तथा अन्तर्गतको लागि आवश्यक रहेको तपसिल बमोजिमको पदमा प्रतिस्पर्धाको माध्यमबाट २०८१ साल असारमसान्तसम्म करारमा नियुक्ति गरी कार्य गराउनु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ (पन्ध्र) दिन भित्र आवश्यक कागजात र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा आवेदन दिनुहुन नगर कार्यपालिकाको मिति २०८०।०५।१८ गतेको निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | विज्ञापन नं. | पद/तह | सेवा/समूह | संख्या | काम गर्ने स्थान |
|---|---|---|---|---|---|
| १. | ४/०८०/८१ | मेडिकल अधिकृत/ अधिकृत आठौं | स्वास्थ्य/ ज.हे.स. | २ (दुई) | हेटौडा उपमहानगरपालिका कार्यालय वा अन्तर्गतका स्वास्थ्य केन्द्र |
| २. | ५/०८०/८१ | स्टाफ नर्स/ सहायकस्तर पाचौं | स्वास्थ्य/ जनरल नर्सिङ | २ (दुई) | हेटौडा उपमहानगरपालिका कार्यालय वा अन्तर्गतका स्वास्थ्य केन्द्र |
| ३. | ६/०८०/८१ | ल्याब टेक्निसियन/ सहायकस्तर पाचौं | स्वास्थ्य/ मे.ल्या.टे | १ (एक) | हेटौडा उपमहानगरपालिका कार्यालय वा अन्तर्गतका स्वास्थ्य केन्द्र |
| ४. | ७/०८०/८१ | कंम्प्युटर अपरेटर/ सहायकस्तर पाचौं | प्रशासन/ विविध | ७ (सात) | हेटौडा उपमहानगरपालिका तथा अन्तर्गतका सवै वडाहरुमा |
| ५. | ८/०८०/८१ | अ.हे.ब./ सहायक चौथो | स्वास्थ्य/ हे.इ. | १ (एक) | हेटौडा उपमहानगरपालिका कार्यालय वा अन्तर्गतका स्वास्थ्य केन्द्र |
| ६. | ९/०८०/८१ | कार्यालय सहयोगी | प्रशासन | ४ (चार) | हेटौडा उपमहानगरपालिका तथा अन्तर्गतका कार्यालय/सेवा केन्द्र |

१. आवश्यक न्यूनतम शैक्षिक योग्यता :-

क) मेडिकल अधिकृत पदको लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस. गरेको साथै NMC मा दर्ता भएको ।

ख) स्टाफ नर्स पदको लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरेको र काउन्सिलमा दर्ता भएको ।

ग) ल्याबं टेक्निसियन पदको लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ ल्यावमा प्रमाणपत्र तह उत्तीर्ण गरेको र काउन्सिलमा दर्ता भएको ।

हेटौंडा उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

हेटौंडा मकवानपुर

बागमती प्रदेश नेपाल

घ) कम्प्युटर अपरेटर पदको लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण । वा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तीमा ६ महिनाको कम्प्युटर तालिम प्राप्त । वा मान्यता प्राप्त शिक्षण संस्था बाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी विज्ञान तथा प्रविधि मन्त्रालयबाट Skilled Manpower को लागि संचालित ६ महिनाको तालिम प्राप्त गरेको ।

(मिति २०७८/९/७ भन्दा अघि जारी माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (S.L.C.E.) प्रमाणपत्रको हकमा कक्षा ११ र १२ का प्रत्येक विषयहरु (सैद्धान्तिक एवं प्रयोगात्मक) मा न्यूनतम D र Cumulative Grade Point Average (C.G.P.A.) 1.6 रहेको शैक्षिक प्रमाणपत्रलाई मान्यता दिइनेछ ।)

ङ) अ.हे.व. पदको लागि :-मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.व.वा सि.एम.ए. कोर्स उत्तीर्ण गरेको ।

च) कार्यालय सहयोगी पदको लागि : ८ कक्षा उत्तीर्ण गरेको ।

२) उमेर: दरखास्त दिने अन्तिम मितिसम्ममा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

३) भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको ।

४) दरखास्त दिने स्थान :- हेटौडा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय ।

५. दरखास्त दिने अन्तिम मिति :- २०८० साल असोज २३ गते (उक्त दिन सार्वजनिक विदा परेमा सो को भोलीपल्ट)

६. आवेदन दस्तुर :- मेडिकल अधिकृतको पदको लागि रु. १२०० (एक हजार दुई सय मात्र), स्टाफ नर्स र ल्याब टेक्निसियन पद र कम्प्युटर अपरेटर पदको लागि रु. ७०० (सात सय मात्र), अ.हे.ब. पदको लागि रु ५०० (पाँच सय मात्र) र कार्यालय सहयोगी पदको लागि रु.२०० (दुई सय मात्र)

७. छनौटको किसिम :- लिखित, प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता

८. प्राथमिकता : मेडिकल अधिकृत बाहेकका पदको हकमा सम्बन्धित स्थानीय तहको स्थायी वासिन्दाले प्राथमिकता पाउने छ ।

९. आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु :- आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

- नेपाली नगरिकता
- न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र
- चारित्रिक प्रमाण पत्र
- तालिमको प्रमाणपत्र
- कार्यअनुभव भए सोको कागजात

१०. सेवा सुविधा तथा कार्य अवधी :- सम्झौतामा उल्लेख भए बमोजिम ।

११. कार्यविवरण :- सम्बन्धित सेवा समूह पद तथा तहले गर्ने गरी तोकिएका कार्य तथा उपमहानगरपालिकाका नियमानुसार ।

१२. परीक्षा मिति, समय र स्थान: पछि सूचना प्रकाशित गरी जानकारी गराइनेछ ।

१३. उल्लेखित पदको लागि आवेदनको ढाँचा कार्यालयको वेवसाइट hetaudamun. gov.np बाट उपलब्ध हुनेछ ।